# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पुनर्वास, कञ्चनपुर
७ नं.प्रदेश, नेपाल

**प्रथमपटक प्रकाशित मिति :-२०७४।०२।२८**

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ को बुंदा नं. ४४ तथा यस नगरपालिकाको निर्णय अनुसार यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विदेशी सवारी साधन कर उठाउने देहाय अनुसारका कर, शुल्क, दस्तुर सम्बन्धि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले यस कार्यालयवाट आ.व.२०७४/०७५ का लागि आन्तरिक आय संकलनको ठेक्का वोलकवोल गर्न नियमानुसार तोकिएको तपसिलका शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी बोलपत्रको माध्यमबाट बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**ठेक्का शर्तहरु**

१. ठेक्काको बोलपत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा राष्ट्रिय वाणिज्य बैंक, महेन्द्रनगरमा यस कार्यालयको हि.न.४१८०३०४०१८१०९ मा जम्मा गरेको बैंक भौचरका साथै संस्था दर्ता प्रमाण-पत्र, कर दर्ता प्रमाण-पत्र (मु.अ.क समेत) र आ.व. २०७२/७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्वघोषणा पत्र सहितको निवेदन पेश गरी यस कार्यालयबाट खरीद गर्न सकिनेछ। साथै एउटा फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले पेश गर्न पाईने छैन ।

२. ठेक्काको बोलपत्र सूचना प्रकासित भएको मितिले ३० औं दिन भित्र खरीद गरी ३१ औं दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे देखि बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। तर प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको रित नपुगेको कुनै शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

४. बोलपत्र दिंदा आफुले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस पुनर्वास नगर कार्यपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैक, महेन्द्रनगर शाखामा रहेको धरौटी खाता नं.४१८०३०३००७१०९ मा जम्मा गरी सो को सक्कलै भौचर वा राष्ट्र वैंकवाट मान्यता प्राप्त वैंकवाट जारी गरिएको ९० (नब्बे) दिन म्याद भएको विडवोण्ड बोलपत्रसाथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली, २०६४ को नियम १७० को उपनियम (२) अनुसार ठेक्का कबोल गरेको अंक एकमुष्ठ बुझाएमा वढीमा कबोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिने छ ।

६. वोलपत्र दर्ता गराई सकेपछि संसोधन गर्न वा फिर्ता लिन पाईने छैन ।

७. वोलपत्र दोहोरो दर्ता भएमा दुवै वोलपत्र नखोली अस्वीकृत गरिने छ ।

८. प्रकाशित सूचना वमोजिम दर्ता भएका कुनै वा सवै वोलपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सकिने छ ।

९. ठेक्का सम्बन्धी विस्तृत जानकारी कार्यालयको फोन नं.०९९-५६०२५४ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

**ठेक्काको विवरण**

| सि. न. | ठेक्का नम्वर | गर्नुपर्ने कामको विवरण | आ.व.२०७४/०७५को न्यूनत्तम कबोल अंक ( मु.अ.कर बाहेक ) | बोलपत्र दस्तुर रकम रु. |
|---|---|---|---|---|
| 1 | PUN/MUN/073-074-022 | विदेशी सवारी साधन कर उठाउने कार्य, पु.न.पा.-११, डोकेबजार, मोहना व्यारियल | २८,५०,०००।०० | ३,०००।०० |

कार्यकारी अधिकृत